कीर्तिपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाण्डौ ।

# कार्यक्रम संचालन गर्नका लागि सूचिकृत हुने सम्बन्धमा

(प्रकाशित मिति २०७८/१२/०७)

यस कीर्तिपुर नगरपालिकामा नेपाल सरकारको शसर्त अनुदान अन्तर्गत गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नति आवश्यकता पहिचानको आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम र लघु उद्यम मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम/सीप तालिम संचालन गर्नका लागि बजेट विनियोजन भएकोले सो अन्तगर्त तपशिल बमोजिम कार्यक्रम संचालन गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७० बमोजिम संक्षिप्त सूची तयार गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता भएका फर्म/संस्थाहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएका कागजातहरु सहित सूचिकृत हुन अनुरोध छ ।

**तपशिल**

| क.स. | कार्यक्रम तथा सिप तालिमहरु | सहभागी संख्या (जना) | कैफियत |
|---|---|---|---|
| १ | खाद्यप्रशोधन | १९ | |
| २ | व्यूटीपार्लर (वेसिक / एड्भान्स) | २३ | |
| ३ | सिलाई (वेसिक /फेसनडिजाईन) | ४४ | |
| ४ | झोल साबुन | ११ | |
| ५ | वेमौंसमी तरकारी खेती | ९ | |
| ६ | ड्राईभिङ्ग | ६ | |
| ७ | कुक | ७ | |

**योग्यताः-**

१. फर्म/संस्था दर्ता प्रमाणपत्र तथा नविकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
२. VAT, PAN Registration को प्रमाणपत्र प्रमाणित प्रतिलिपी
३. आ.व. २०७७/०७८ को कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
४. स्वघोषणा पत्र (letter of Declaration)
५. विगतका ४ वर्षमा स्थानीय तहमा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा २२ र ३४ बमोजिम अनुसूची ९ मा तोकिएका क्षेत्रहरुमा गरेका कार्यानुभव सम्बन्धी प्रमाणित प्रतिलिपीहरु ।
६. माथि उल्लेखित कार्य सम्पन्न गर्नका लागि कार्यक्रम संचालन ढाँचा, मुख्य जनशक्ती सम्बन्धी विवरण, कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय आदी समेटी तयार गरेको प्रस्तावना ।
७. अन्य विवरणहरु ।

**प्रमुख प्रशासकीय अधिकृत**

नोटः यस सूचना बमोजिम सूचीकृत संघसंस्थाहरु मध्येबाट प्रारम्भिक सूची तयार गरी कार्यक्रम संचालन गर्नका लागि आवश्यक प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरि नियमानुसार मुल्यांकन पश्चात सारभुत रुपमा प्रभावग्राही सस्था छनौट गरि कार्यक्रम संचालन गरिनेछ ।